आज मिति २०७५ साल श्रावण १२ गते शनिवारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

१	नगरप्रमुख	श्री	हरिकुमार राना	अध्यक्ष	नगरप्रमुख
२	नगर उपप्रमुख	श्री	कमला खतिवडा आचार्य	सदस्य	
३	वडाध्यक्ष	श्री	गजाधर खतिवडा	सदस्य	
४	वडाध्यक्ष	श्री	रघुनाथ खनाल	सदस्य	
५	वडाध्यक्ष	श्री	जीवकुमार भण्डारी	सदस्य	
६	वडाध्यक्ष	श्री	दुर्गाप्रसाद दाहाल	सदस्य	
७	वडाध्यक्ष	श्री	ध्यानबहादुर भारती	सदस्य	
८	वडाध्यक्ष	श्री	लोकनाथ गौतम	सदस्य	
९	वडाध्यक्ष	श्री	नवराम ढुङ्गाना	सदस्य	
१०	वडाध्यक्ष	श्री	गोपीचन्द्र गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री	पुष्पकुमार प्रसाई	सदस्य	
१२	वडाध्यक्ष	श्री	बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१३	वडाध्यक्ष	श्री	भैरवबहादुर खड्का	सदस्य	
१४	सदस्य	श्री	लक्ष्मी तामाङ्ग	सदस्य	
१५	सदस्य	श्री	हरिमाया भण्डारी	सदस्य	
१६	सदस्य	श्री	शकुन्तला बराल	सदस्य	
१७	सदस्य	श्री	दिलमाया शिवा	सदस्य	
१८	सदस्य	श्री	दिलिप गुरुङ	सदस्य	
१९	सदस्य	श्री	खिनमान दास	सदस्य	
२०	सदस्य	श्री	रमेशकुमार दर्जी	सदस्य	
२१	वरिष्ठ कार्यक्रम अधिकृत	श्री	हिमराज सेडाई		
२२	शाखा अधिकृत	श्री	पुण्यप्रसाद दाहाल		
२३.	खरिदार	श्री	सौजन कटुवाल		

मिति २०७५/०४/१२ गते बसेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु

१.चालु आर्थिक वर्ष २०७५/०७६ का लागि स्वीकृत कार्यक्रमहरु देहाय अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउने:

वडा स्तरमा विनियोजन भएका उस्तै प्रकृतिका साना योजनाहरुलाई एकिकृत गरी एकिकृत योजना बनाई पुल कल्भर्ट,सडक कालोपत्रे जस्ता आयोजनाहरुलाई लागत अनुमान गरी आन्तरिक प्रतिस्पर्धामा घटाघटको प्रक्रियाबाट न्यूनतम लागतमा सञ्चालन गर्ने।

विपद् व्यवस्थापनमा प्रयोग हुने तारजाली तथा हृयुमपाइपहरु समेत लागत अनुमान गरी घटाघटको प्रक्रियाबाट खरिद गर्ने प्रक्रिया अघि बढाउने।

२.मिति २०७५/०४/१३ गतेबाट १९ गते सम्म हुने जनप्रतिनिधि एवं कर्मचारीहरुको देशव्यापी अध्ययन अवलोकन भ्रमण सर्वसम्मतले स्वीकृत गर्ने।

३.शनिश्चरे बजारबाट खुदुनाबारी बजार सम्म जोड्ने सडक ठेक्का प्रक्रियामा गई निर्माण हुन लागेकाले सो सडक निर्माणलाई गुणस्तरीय बनाउनका लागि गर्नुपर्ने नियमित अनुगमन,निरिक्षण तथा अन्य विषयहरुमा सहजीकरण गर्नका लागि नगरपालिकाको तर्फबाट वडा नं.१,२,३,४,७,र ८ का वडाध्यक्ष र पूर्वाधार विकास समिति संयोजक श्री रमेशकुमार त्रिखत्री रहने गरी एक समिति गठन गर्ने।साथै,सो सडकमा ४/४ फिटको नाला,विचमा दुई फिटको डिभाइडर र १८/१८ फिटको कालोपत्रे सडक हुने गरी निर्माण गर्ने व्यवस्था मिलाउने।

४.यस नगरपालिकामा पर्ने वडा नं. ६ को महानन्द चौक देखि शनिश्चरे बजार हुँदै जयपुर जोड्ने सडकको साविकमा कायम मापदण्ड व्यवहारिक एवं स्थानीय आवश्यकताका आधारमा अनुपयुक्त भएकाले सो सडकको सडक क्षेत्र निम्न बमोजिम हुने गरी मापदण्ड समायोजन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने।

महानन्द चौक बाट शनिश्चरे बजार सम्म ४/४ फिटको नाला विचमा ४ फिटको डिभाइडर २०/२० फिटको सडक र १४/१४ फिट सेट व्याक जम्मा १०० फिट

शनिश्चरे बजारबाट जयपुर सम्म ३/३ फिटको नाला विचमा २ फिटको डिभाइडर १८/१८ फिटको सडक र १३/१३ फिट सेट व्याक कायम गरी ७० फिट

साथै,सो अनुसार सडक क्षेत्र भित्र पर्ने भौतिक संरचनाहर हटाउन नियमानुसारको सार्वजनिक सूचना आह्वान गर्ने।

५.शनिश्चरे बजारबाट पश्चिम अर्जुनारा जलेश्वर धाम हुँदै डाडागाउँ जाने सडक कालोपत्रे गर्न चालु आर्थिक वर्षमा रकम विनियोजन भएकामा सो सडकमा ३/३ फिटको नाला विचमा २ फिटको डिभाइडर १८/१८ फिटको कालोपत्रे सडक र १६ फिट सेट व्याक रहने गरी निर्माण गर्ने।साथै, यस नगरपालिकाको बाहिरि रिंगरोडको ट्याक खोल्ने कार्यलाई अघि बढाउने।

०८।१२

प्रमुख

६.यस नगरपालिकाका गतिविधिहरुलाई आम जनता समक्ष पुऱ्याउन र नगरपालिकाका सूचनाहरुको व्यवस्थापनका का लागि देहायक अनुसारको नगरपालिकामा एक सञ्चार समूह गठन गर्ने ।

नगर कार्यपालिका प्रवक्ता,

नगर कार्यपालिका कार्यालयका सूचना अधिकारी

नगर प्रमुखज्यूका प्रेस सल्लाहकार

सूचना प्रविधि अधिकृत

बैठक शाखाका प्रतिनिधि

७.यस नगर क्षेत्र भित्र रहेका सडकहरु विस्तार गर्ने क्रममा सडकक्षेत्र भित्र अव्यवस्थित रुपमा रहेका विद्युत पोलहरुलाई व्यवस्थित गरी सार्ने कार्यका लागि देहाय बमोजिमको एक समिति गठन गर्ने:

पूर्वाधार विकास समिति संयोजक श्री रमेश कुमार दर्जी
सामाजिक विकास समिति संयोजक श्री दिलीप गुरुङ्ग
वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री लक्ष्मी तामाङ्ग
सम्बन्धित वडाका वडाध्यक्ष वा प्रतिनिधि
प्राविधिक शाखा प्रमुख ईञ्जिनियर वा प्रतिनिधि

८. नगर कार्यपालिका कार्यालयबाट विभिन्न सञ्चार माध्यममा प्रकाशन प्रशारण गरिने सूचना तथा शुभकामना सन्देशका लागि क्रमशः अधिकतम रु तीन हजार र एक हजार पाँच सय मात्र को उपलब्ध गराउने व्यवस्था मिलाउने ।

९.प्राकृतिक विपत्तीका पिडितहरुका लागि नगरपाकिलाले उपलब्ध गराउँदै आएको राहत सम्बन्धि साविककै व्यवस्थालाई चालु आर्थिक वर्षमा समेत निरन्तरता दिने ।

१०.नगर क्षेत्र भित्र विभिन्न व्यक्ति तथा निकायले नदिजन्य सामाग्री संकलन गरी सोको स्टक प्रमाणित गरिपाउन निवदेन दिनुभएकामा नियमानुसार संकलन गरी राखिएका त्यस्ता सामाग्रीहरु निम्न बमोजिम राजश्व संकलन गरी बढिमा सात दिनका लागि प्रमाणित गरिदिने :

प्रति ट्याक्टर- रु ३००/-
प्रति ट्रिपर -रु ९००/-
प्रति हाइवा- रु १५००/-

उपरोक्त बमोजिम प्रमाणित गर्न फिल्ड खटी जाने प्राविधिक कर्मचारीलाई रु ५००/- भत्ता उपलब्ध गराउने ।

११.यस नगरपालिका क्षेत्र भित्रबाट नदिजन्य सामाग्रीहरु उत्खनन गर्न गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।साथै,वडा नं. १ स्थित पाँचथरे खोल्सीमा रहेको ढिस्कोमा रहेको नदिजन्य सामाग्री उत्खनन गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई अनुरोध गर्ने ।

१२.चालु आर्थिक वर्षका लागि दोश्रो नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम,आर्थिक विधेयक ,विनियोजन विधेयक तथा नगर सभाले गरेका विशेष निर्णयहरु आज दिउँसो ३ बजे नगर कार्यपालिका कार्यालयका एक पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने ।

०६/०३/२०७८